annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २४५ पृष्ठ ८ | [illegible] २०८१ | पौष शुक्लपक्ष दशमी नेपाल संवत् ११४५ | THURSDAY, JANUARY 9, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# यसरी चलायमान हुन्छ, अर्थतन्त्र

निर्माण क्षेत्र ‘धराशायी’ बन्दै गएको बताउँछ । उद्योगी भन्छन्, ‘बजारमा वस्तुको मागै छैन । एकतिहाइ मात्रै उत्पादन गरिरहेका छौं ।’ बैंक तथा वित्तीय संस्था भन्छन्, ‘ऋण माग्न व्यवसायी नै आउँदैनन् ।’ व्यापारी भन्छन्, ‘बैंकको ऋण लिएर के गर्नु, लगानीको वातावरण छैन ।’ विज्ञ भन्छन्, ‘सरकारको विकास खर्चै भएन, कसरी देश उँभो लाग्छ ? तर, सरकार भन्छ, ‘अर्थतन्त्रका बाह्य सूचक बलियो छैन । रेमिटचान्स बढ्दै गएको छ ।’ त्यसो भए, अर्थतन्त्र किन चलायमान भएन, के गर्दा यो स्थितिबाट मुलुक अघि बढ्ला त ? जानकारहरू भन्छन्- विकास र समृद्धिका लागि स्थिर सरकार, स्थिर नीति नियम हुनै पर्छ । तर, सरकारले देखिने गरी तत्काल केही पहल नगरे यो स्थितिबाट अर्थतन्त्र सुध्रन सक्दैन ।’



मुलुकमा लगानीका लागि सरकारले विश्वासको वातावरण बनाउनुपर्‍यो । अब त निर्माण व्यवसायीले सरकारका ठेक्कामा विश्वास नगर्लान् जस्तो भइसक्यो । चाहे निर्माण व्यवसायीको होस्, या लगानीकर्ताको होस् सरकारप्रति भरोसा जगाउने काम गर्नुपर्छ । सरकारले विश्वसनीयता बढाउनुपर्छ । अव्यवस्थित कर प्रणालीलाई सरलीकरण गर्न जरुरी छ ।

**प्रा.डा.गोविन्दराज पोखरेल**
पूर्वउपाध्यक्ष, राष्ट्रिय योजना आयोग



सरकारले निर्माण क्षेत्रलाई चलायमान बनाउनुपर्छ । यसले उद्योगदेखि रोजगारी सिर्जना र राजस्व संकलनको चक्रलाई पनि सहयोग गर्छ । अर्कोतिर, सरकारले पुँजीगत खर्च गर्न सकेको छैन । सरकारले आयोजनाहरू बनाउँदा बजेटरी प्रणालीबाट सक्ने त्यहाँबाट र बाँकी बन्द, सार्वजनिक निजी साझेदारीलगायतका मोडलहरूबाट आयोजना बनाउन सक्छ ।

**वीरेन्द्रराज पाण्डे**
वरिष्ठ उपाध्यक्ष नेपाल उद्योग परिसंघ

**सुनिता कार्की** | *काठमाडौं*

**- को रिपोर्ट**



समाचार पृष्ठ २

# संकटमा मधेस प्रदेश सरकार

**मनिका झा** | *जनकपुरधाम*



मधेस प्रदेशका मुख्यमन्त्री सतिश सिंहले केही दिनअघि अर्थमन्त्री सुनीलकुमार यादवलाई स्पष्टीकरण सोधे । र, त्यसलाई आफैं सार्वजनिक गरे । जनमत पार्टीका अध्यक्ष डा. सिके राउत मुख्यमन्त्री सिंहको बचाउमा उत्रे । कांग्रेस र एमाले नेताहरू मुख्यमन्त्री सिंहको कार्यप्रति रुष्ट बने । जनमत पार्टीका अध्यक्ष राउतले ‘कांग्रेस र एमालेले मधेस प्रदेश सरकारलाई घेरावन्दी गरेर राखेको’ सार्वजनिक अभिव्यक्ति पनि दिए । अध्यक्ष राउतको उक्त अभिव्यक्ति र सामाजिक सञ्जालमा व्यक्त भनाइका कारण मधेस प्रदेश सरकार संकटमा परेको गठबन्धनका नेताहरू बताउँछन् ।

केन्द्रमा कांग्रेस र एमाले सत्ता समीकरण बनेपछि मधेस प्रदेश सरकारको नेतृत्व जनमत पार्टीलाई दिइएको थियो । सोही सहमतिअनुसार जनमतका सिंह मुख्यमन्त्री बनेका थिए । तर, पछिल्लोपटक केन्द्रको सत्ता समीकरणमा जनमत पार्टी असन्तुष्ट बनेपछि त्यसको असर मधेस प्रदेश सरकार पनि पर्न थालेको नेताहरू बताउँछन् । यसअघि जनमतले पार्टीको प्रतिनिधिसभा सदस्य गोमा लाभ सापकोटालाई पदबाट हटाउन संघीय संसद सचिवालयमा पटक-पटक पत्राचार गरेको थियो । तर, सभामुख देवराज घिमिरेले पदबाट हटाउन नमिल्ने अडान राखेपछि जनमत पार्टी सत्ताको नेतृत्व गरिरहेको एमाले नेतृत्वसँग रुष्ट हुँदै आएको छ । एमालेकै ‘प्रभाव’ मा परेर सभामुखले सापकोटालाई पदबाट नहटाएको आरोप जनमत पार्टीका अध्यक्ष राउतले लगाइरहेका छन् । केन्द्रमा गठबन्धनसँग कुरा नमिलेपछि जनमतले प्रदेश सरकारमा ‘निँहु खोज्न’ थालेको कांग्रेस र एमालेका नेताहरू बताउँछन् । मधेस प्रदेशसभाको चौथो दल भए पनि कांग्रेस र एमालेको सहकार्यमा सत्ताका नेतृत्व पाएको जनमत पार्टीलाई अब सत्ता साझेदार दलबाटै चुनौती थपिएको छ । सत्तासाझेदार कांग्रेससँग समझदारी नमिल्दा प्रदेश सरकारको गतिविधिले गति लिन सकेको छैन भने विकास निर्माणका काम पनि अगाडि बढ्न सकेका छैनन् ।

सत्ताधारी दलबीचको विवादलाई हल गर्नुको सट्टा जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा. राउतले सामाजिक सञ्जालमा विभिन्न लान्छना लगाउन थालेपछि विवाद झनै चर्किएको हो । ‘जनमत पार्टीद्वारा बजेटमा राखिएका दुरदर्शी, रोजगारीमूलक र लोकप्रिय कार्यक्रमहरू सफल भयो भने भोलिका दिनमा कांग्रेस र एमालेलाई झन् घाटा हुने भनेर ती योजनाहरू कुनै पनि हालतमा लागू हुन नदिने षड्यन्त्र गरिएको छ,’ राष्ट्रिय अध्यक्ष डा. सिंहले सामाजिक सञ्जालमा लेखेका छन्, ‘६ महिना बितिसक्दासमेत सचिवहरूले कार्यविधि बनाएका छैनन् । अर्थमन्त्रीले मुख्यमन्त्रीलाई हदैसम्म अटेरी गर्दा, कुनै काम नगरिदिँदा, सबै बजेटहरू रोक्का गर्दा, टेन्डर प्रक्रिया अगाडि नबढाउँदा र महिनौं भइसक्दा पनि कार्यविधिहरू नबनाउँदा समस्या जटिल भएको हो ।’ वर्तमान अर्थमन्त्रीलाई हटाएर अर्को अर्थमन्त्री पठाउन गठबन्धनलाई आग्रह गर्दासमेत नसुनिएकोले सरकारले राम्ररी काम गर्न नपाएको डा. राउतको आरोप छ ।

अध्यक्ष राउतले नै कांग्रेस र एमालेलाई आरोप लगाएपछि प्रदेश सरकारमा अझ बढि तिक्तता बढेको छ । मधेस प्रदेशसभाको मंगलबार र बुधबार बसेको बैठकमा सत्तापक्ष र विपक्ष दुवैका सांसदहरूले मुख्यमन्त्री सिंह र जनतम नेतृत्वको चर्को आलोचना गरे । ‘फरक खालको सरकार आएकाले मधेसमा जनमत पार्टीले जनतालाई देखाएको समृद्ध मधेस बनाउने, युवाले रोजगार पाउने, किसानको हरेक समस्या समाधान गर्ने सपनाहरू देखाएको थियो, त्यो पूरा होला भन्ने आस गरेका थियौं तर, सरकारले जनताको कुनै आस पूरा गर्न सकेको छैन्,’ एमाले सांसद मनोजकुमार सिंहले प्रदेशसभा बैठकमा भने, ‘जनमतका एजेन्डामै एमाले र कांग्रेसले समेत समर्थन गरेको थियो तर, यस अवधिमा उहाँहरूले जनतालाई देखाएको सपना कतिको पालना गर्नु भयो, सबैलाई थाहा छ ।’

» बाँकी पृष्ठ ६




# विपिनको बाटो कुर्दै बिते ४३४ दिन



**महादेव अवस्थी** | *महेन्द्रनगर*

हमासले ३४ जना बन्दी छोड्ने खबरले आमा-बुवाको मलिन अनुहारमा थोरै भए पनि ‘खुसी’ का रेखा देखा परे । तर, जब त्यो लिस्टमा छोरा ‘विपिन’ को नाम छैन भन्ने खबर आयो, अनुहार निन्याउरा भए । सुदूरपश्चिम विश्वविद्यालयको कृषि विज्ञान विषयमा ‘अर्न एन्ड लर्न’ कार्यक्रमअन्तर्गत इजरायल पुगेका छोरा विपिनसँग बुवा-आमाको सम्पर्क टुटेको ४ सय ३४ दिन बित्यो ।

मोबाइलमा समाचार हेर्दै विपिनको सुखद खबरको आशामा दिन बित्दै गएका छन् । तर, १५ महिना बित्दा पनि छोराको उद्धार नभएकोमा आमाबुबा विरक्त छन् । बहिनी पुष्पाका आँखा ओभाएका छैनन् ।

एउटै कुरा मनमा बारम्बार खेलिरहन्छ, छोरासँग कहिले भेट होला ? ‘हमासको कब्जामा मेरो छोरा परेको १५ महिना भयो,’ आमा पदमा भन्छिन्, ‘कहिले सकुशल ल्याइदिने हो सरकार ? ’ जे-जे उपाय गरेर हुन्छ, मेरो छोरालाई सकुशल ल्याइदिनुपर्‍यो ।’ छोराको रिहाइका लागि परिवारका सदस्यले नभेटेको कसैलाई छैन । परराष्ट्रमन्त्री, प्रधानमन्त्रीदेखि विभिन्न देशका राजदूतलाई भेटेर विपिनको रिहाइका लागि अनुनयविनय गरिसकेका छन् । तर, ‘हामी पहल गरिरहेका छौं’, बाहेकको जवाफ उनीहरूले पाउन सकेका छैनन् । ‘अरू देशका धेरै नागरिक छुटिसके,’ आमा पदमाले भनिन्, ‘हाम्रो सरकारको पहल नपुगेको हो कि ?’ युद्धविराम हुने समाचार सुनेका उनी अब त छोराको रिहाइ होला कि भन्ने आशामा थिइन्, तर आइतबार हमासले छोड्ने ३४ जनाको लिस्टमा विपिनको नाम समावेश नभएको समाचार सुनेपछि झन् विरक्त छिन् ।

डेढ वर्ष बितिसक्दा पनि विपिनको अवस्थाबारे केही थाहा पाउन सकिएको छैन । छोराको अवस्थाबारे बेखबर उनका बुवाआमाले भीमदत्त नगरपालिका-३ स्थित आफ्नै निवासमा विपिनको सकुशल रिहाइको कामना गरिरहेका छन् ।

हमास समूहले इजरायलको दक्षिणी क्षेत्रस्थित अलिमुम, किबुजबाट विपिनलाई नियन्त्रणमा लिएको इजरायल सरकारले जानकारी गराएको थियो ।

त्यसयता उनको अवस्था अज्ञात छ । अध्ययनसँगै कमाइ गर्ने कार्यक्रमअन्तर्गत सुदूरपश्चिम विश्वविद्यालयमा ३९ विद्यार्थी इजरायल गएका थिए । त्यहाँ पुगेको एक महिनामै हमास समूहले आक्रमण गरेको थियो । हमासको आक्रमणमा परी १० नेपाली विद्यार्थीको ज्यान गएको थियो ।

‘अब छुट्ला, अब छुट्ला भन्ने आशामै पन्ध्र महिना बितिसके,’ बुबा महानन्दले भने, ‘मन्त्रीदेखि प्रधानमन्त्री र राष्ट्रपतिसम्म भेटिसक्यौं, सबैले पहल गरिरहेका छौं मात्रै भन्छन् ।’ उनले जसरी भए पनि छोराको रिहाई गरिदिन सरकारलाई आग्रह गरे । गत कात्तिकमा प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखक र परराष्ट्रमन्त्री आरजु राणा देउवालाई पनि भेटेका छन् ।

कतारका राजा आमिर तमिम बिन हमाद अल थानी नेपाल भ्रमणमा आउनुअघि विपिनका परिवारले राष्ट्रपति रामचन्द्र पौडेललाई भेटेर रिहाइका लागि पहल गरी दिन आग्रह गरेका थिए ।

अस्थायी युद्धविरामका बेला हमासले विभिन्न चरणमा बन्धकलाई मुक्त गर्दा विपिन भने पर्न सकेका छैनन् । ‘जसले बढी पहल गर्‍यो उसले त्यही देशका नागरिक पहिला रिहा गर्ने हो,’ बुबा महानन्द भन्छन्, ‘नेपाल सरकारले कतारसँगै बढी पहल गर्नुपर्छ सरकारले कतारसँग कूटनीतिक रूपमा बढी जोड गर्न सके मात्रै विपिन रिहा हुन्छन् ।’ विपिन जोशी सम्पर्कविहीन हुँदा कञ्चनपुरकै सांसद एनपी साउद परराष्ट्रमन्त्री थिए ।

» बाँकी पृष्ठ ६

# रूसी वायु सेनाको तेल डिपोमा आक्रमण

**किएभ** (एजेन्सी): युक्रेनले रूस-युक्रेन साझा सीमाबाट सयौं किलोमिटर टाढा रूसी वायु सेनालाई सेवा प्रदान गर्ने रूसी तेल डिपोमा आफ्नो सेनाले आक्रमण गरेको बताएको छ । जनाएको क्रेमलिनले युक्रेनमाथि आक्रमण सुरु गरेको करिब तीन वर्षपछि मस्को र किएभले ऊर्जा र सैन्य केन्द्रहरूलाई लक्षित गरी सीमापार आक्रमण शृंखलाको यो पछिल्लो आक्रमण हो ।

‘युक्रेनी सेनाले साराताेभ क्षेत्रमा रहेको एंगेल्सस्थित रूसी तेल डिपोमा आक्रमण गरेको छ,’ युक्रेनी जनरल स्टाफले सामाजिक सञ्जालमा जारी गरेको विज्ञप्तिमा भनिएको छ । ‘यो तेल डिपोले एंगेल्स-२ सैन्य हवाई क्षेत्रलाई इन्धन प्रदान गरेको छ, जहाँ रूसी शत्रुको रणनीतिक उड्डयन रहेको छ,’ विज्ञप्तिमा भनिएको छ । रूसी अधिकारीहरूले यसअघिको वक्तव्यमा युक्रेनले मानवरहित हवाई वाहनले उक्त क्षेत्रमा आक्रमण गरेको स्वीकारेका थिए ।

